प्रदेश सरकार
बागमती प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धादिङ

## करार सेवामा ईन्जिनियर लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।०९।०७

अजय विक्रम मानन्धर
डिभिजनल वन अधिकृत

आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **२०७९ असार मसान्त सम्म** यस कार्यालयको लागि **ईन्जिनियर ( अधिकृतस्तर सातौ तह)** सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले **सात दिन भित्र** दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**१. शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट/सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको हुनुपर्ने छ ।

**२. उमेर** : कम्तीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**३. दरखास्त दिने स्थानः** डिभिजन वन कार्यालय, धादिङ ।

**४. कार्य क्षेत्र :** धादिङ जिल्लाको २ वटा नगरपालिका र ११ वटा गाउँपालिकाहरु

**५. छनौटको प्रक्रियाः** शैक्षिक योग्यता, अनुभव र अन्तरवार्ताको आधारमा गरिने छ ।

**६. सेवा सुविधाः** प्रदेश सरकारको अधिकृतस्तर सातौं तहको प्रचलित स्केल अनुसार हुनेछ ।

**७. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, काउन्सिलमा दर्ता/नविकरणको प्रतिलिपि, सम्बन्धित विषयमा तालिम वा अनुभव प्राप्त भए सो को प्रतिलिपि ।

८. प्रतिलिपिहरु आफैले प्रमाणित गरेको हुनुपर्ने छ ।

९. अन्तरवार्तामा आउँदा सक्कल प्रमाणपत्र लिएर आउनु पर्नेछ ।

१०. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने छ ।

११. अन्तरवार्ताको मिति, समय र स्थान दरखास्त दिने म्याद सकिएको भोलिपल्ट कार्यालयमा सूचना प्रकाशित गरिने छ ।

**१२. गर्नुपर्ने कार्य तथा शर्तहरु :** छनौट भएको ब्यक्तिले करार सम्झौतामा उल्लेख भए बमाजिमको कार्य र शर्तहरु बमोजिम कामकाज गर्नुपर्ने छ ।

**पुनश्चः** यस कार्यालयको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत पर्यटन प्रबर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम (बजेट उ.नं. ३०७००११४) अर्न्तगत रही **१७ वटा** पर्यटन प्रबर्द्धन तथा पूर्वाधार निर्माण कार्य, वातावरण संरक्षण तथा शहरी वन कार्यक्रमको (बजेट उ.नं. ३०७००११५) अर्न्तगत **३ वटा** पार्क निर्माण कार्य र डिभिजन वन कार्यालय कार्यक्रम (बजेट उ.नं. ३०७००११२) अर्न्तगत भवन मर्मत सम्भार गर्ने कार्यको डिजाईन, लागत अनुमान, सुपरिवेक्षण गर्ने र गुणस्तर चेकजाँच गर्ने कार्य गर्ने । अन्य थप योजना कार्यान्वयन गर्नुपर्ने भएमा सो को समेत डिजाईन, लागत अनुमान, सुपरिवेक्षण गर्ने र गुणस्तर चेकजाँच गर्ने कार्य समेत गर्नुपर्ने छ ।

**अन्य थप जानकारीका लागि डि.व.का., धादिङको फोन नं. ०१०-५२०११७ वा ९८५१३२०१५८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**